कृषि तथा वन विज्ञान विश्वविद्यालय
**कृषि संकाय**
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल
प.सं./Ref. No.
च.नं.

Agriculture and Forestry University
**Faculty of Agriculture**
Office of the Dean
Rampur, Chitwan, Nepal

२०८२/१०/१२
मिति/Date. ...........................

## कृषि स्नातकोत्तर M.Sc. Ag./ M.Sc. Ag. (Biotechnology) तहको प्रवेश परीक्षाको अनलाईन आवेदन फाराम भर्ने सम्बन्धी सूचना

शैक्षिक सत्र २०८२/०८३ का लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय अर्न्तगत कृषि संकाय, रामपुरमा संचालन हुने M.Sc. Ag./ M.Sc. Ag.(Biotechnology) तहमा भर्ना हुनका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुबाट Online आवेदन माग गरिएको छ। उक्त तहको भर्ना सम्वन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ।

१) आवश्यक न्यूनतम शैक्षिक योग्यता : कृषि स्नातक (B.Sc.Ag.) वा सो सरहको परीक्षामा कम्तीमा ५०% वा 2.0 CGPA ल्याई उत्तीर्ण गरेको साथै न्यूनतम **Schooling** १६ वर्ष हुनुपर्नेछ। **योग्यता नपुगी आवेदन फाराम भरेमा सो आवेदन फाराम अयोग्य ठहरिनेछ र आवेदकलाई प्रवेश परीक्षामा समावेश गराईने छैन।**

२) आवेदन फाराम र प्रवेश परीक्षा शुल्क: आवेदन फाराम र प्रवेश परीक्षाको जम्मा शुल्क रु.३५००/मात्र मात्र तोकिएको छ।

(३) आवेदन फाराम बुझाउने अवधि: मिति २०८२ माघ १२ गतेदेखि २०८२ माघ २७ गते राती १२:०० वजेभित्र यस विश्वविद्यालयको वेवसाइट **https://sis.afu.edu.np** बाट **Online** आवेदन फाराम भर्न सकिनेछ। **Online** आवेदन प्रक्रियामा कुनै कठिनाई भएमा **online@afu.edu.np** मा सम्पर्क गरी प्राविधिक सहयोग लिन सकिनेछ। रीतपूर्वक तथा पूर्णरुपले नभरिएको **Online** आवेदन उपर कुनै कारवाही गरिने छैन।

४) संलग्न हुनुपर्ने आवश्यक कागजातहरु अपुग भएमा अपुग कागजातहरु Online बाटै निर्धारित समयभित्र वुझाउनु पर्नेछ। अन्यथा बुझाएको रकम फिर्ता हुनेछैन।

५) प्रवेश पत्र वितरण मिति: २०८२ माघ २८ गते Online बाट **https://sis.afu.edu.np** मा **Login** गरी **Admit Card Menu** मा गई प्रवेशपत्र Download गरी Color Print गर्नुपर्नेछ।

६) प्रवेश परीक्षा हुने मिति, समय र स्थान: २०८२ माघ २९ गते बिहान ११:०० बजे, डीनको कार्यालय परिसर, कृषि संकाय, रामपुर, चितवन।

७) प्रवेश परीक्षाको नतिजा तथा मेरिट लिष्ट प्रकाशन: २०८२ माघ २९ गते।

टेलिफोन : +९७७-५६-५९११४१, ५२०६०२/फ्याक्स: +९७७-५६-५२०६०२, ५९१०२१
Tel.: +977-56-591141, 520602 / Fax : +977-56-520602, 591021
www.afu.edu.np

CamScanner

८) भर्ना मितिः २०८२ फागुन ०४ गते विहान ११:०० वजे।

९) Course Registration र कक्षा सुरु हुने मिति पछि प्रकाशन गरिनेछ।

१०) **भर्नाको आधारः** प्रवेश परीक्षाको प्राप्ताङ्कलाई शत प्रतिशत अंकभार दिईनेछ। सोको आधारमा योग्यता क्रमको सूची (Merit List) तयार गरी योग्यताको क्रमानुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ। प्रवेश परीक्षाको उत्तीर्णाङ्क ५० प्रतिशत कायम गरिएको छ। प्राप्तांक वरावर भएमा स्नातक तहको प्रतिशत/CGPA, सो वरावर भएमा +2 वा सो सरह, सो पनि बरावर भएमा +2 का क्रमशः Biology/ Chemistry/English/Mathematics विषयको Grade/Percentage को आधारमा मेरिट सूची प्रकाशित गरिनेछ।

११) **M.Sc. Ag. /M.Sc. Ag. (Biotechnology)** तहको लागि स्नातक तहको पाठ्यक्रमवाट निम्न विषयहरुमा कुल १२० वटा प्रश्नहरु समावेश गरि प्रवेश परीक्षाको प्रश्नपत्र **बहुछनौटिय वस्तुगत किसिम (Multiple Choice Objective Type)** को हुनेछ। साथै परीक्षा समय एक (१) घण्टा तीस (३०) मिनेटको हुनेछ। प्रवेश परीक्षामा समावेश हुने विषयहरु र प्रश्न संख्या निम्नानुसारका हुनेछन्।

| | | |
|---|---|---|
| क) बाली विज्ञानः १२ | ख) वागवानी विज्ञानः १२ | ग) माटो विज्ञानः १२ |
| घ) कीट विज्ञानः १२ | ङ) वाली प्रजननः १२ | च) वाली रोग विज्ञानः १२ |
| छ) कृषि अर्थशास्त्र एवं कृषि व्यव. व्यवस्थापनः १२ | | ज) कृषि प्रसार एवं ग्रामिण समाजशास्त्रः १२ |
| झ) कन्जरभेसन ईकोलोजी र कृषि तथ्याङ्कशास्त्रः १२ | | ञ) बायोकेमेस्ट्री र बायोटेक्नोलोजीः १२ |

१२) M.Sc. Ag. /M.Sc. Ag. (Biotechnology) मा अध्यापन गराईने विभिन्न विषयहरुमा तपशिलको संख्यामा जम्मा १३९ जना विद्यार्थी भर्ना लिईनेछ। उपरोक्त संख्या विश्वविद्यालयसँग नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद् तथा अन्य संघ संस्थाहरुवाट MOU भए वमोजिम मनोनयन भई आउने व्यक्तिहरु र कृषि तथा वन विश्वविद्यालयबाट सिफारिस भई आउने व्यक्तिहरु उल्लेखित संख्याहरुमा समावेश गरिएको छैन। साथै नेपाल सरकार र नेपाल कृषि अनुसन्धान परिषद् बाहेक अन्य संघ संस्थाहरुवाट मनोनयन तथा सिफारिस भई आउने व्यक्तिहरु प्रवेश परीक्षा उर्त्तीण हुनुपर्नेछ।

| | | |
|---|---|---|
| क) वाली विज्ञानः १० | ख) वीड साईन्सः ५ | ग) सिड साईन्स एण्ड टेक्नोलोजीः ५ |
| घ) वागवानी विज्ञानः १७ | ङ) माटो विज्ञानः ९ | च) कीट विज्ञानः ९ |
| छ) वाली प्रजनन्ः १५ | ज) वालीरोग विज्ञानः ६ | झ) कृषि अर्थशास्त्रः १५ |
| ञ) कृषि व्यवसाय व्यवस्थापनः ६ | ट) कृषि प्रसारः १२ | ठ) ग्रामिण समाजशास्त्रः ९ |
| ड) पर्यावरण संरक्षणः १५ | ढ) वायोटेक्नोलोजीः ६ | |

१३) आवेदन फाराम बुझाउदा निम्न लिखित कागजातहरु क्रमबद्ध राखी बुझाउनुपर्नेछ।

क) हालसालै खिचेको पासपोर्ट साइजको फोटो
ख) नेपाली नागरिकताको प्रमाणपत्र
ग) एस.एल.सी.वा एस.ई.ई.को Mark Sheet/ Grade Sheet, Character Certificate
घ) प्रमाणपत्र तह वा १२ कक्षाको Transcript र Character Certificate
ङ) स्नातक तहको Transcript र Character Certificate
च) नेपाल सरकारवाट स्थापित विश्वविद्यालय वा शैक्षिक संस्था वाहेक अन्य विश्वविद्यालय वा शैक्षिक संस्थावाट उत्तीर्ण गरेको भएमा समानस्तर निर्धारण (Equivalence Certificate) को प्रमाणपत्र

१४) भर्ना हुन आउदा आवेदन फाराममा संलग्न सम्पूर्ण शैक्षिक योग्यताका सक्कल प्रमाणपत्रहरु अनिवार्य रुपमा लिएर आउनुपर्नेछ। साथै भर्ना भएको विषय परिवर्तन गरिनेछैन।

१५) कुनै विषयमा तीन जनाभन्दा कम विद्यार्थीहरु भर्ना भएमा सो विषयको अध्ययन अध्यापन गराईने छैन । उक्त विषयमा भर्ना भएका विद्यार्थीहरुलाई भर्ना समितिको निर्णयानुसार अन्य विषय/विभागमा स्थानान्तरण गरि अध्यापन गराईनेछ।

१६) अन्य विश्वविद्यालय वा शिक्षण संस्थावाट स्नातक तह उत्तीर्ण गरेका र AFU वाट उत्तीर्ण भई Migration Certificate निकाली सकेका विद्यार्थीहरुले भर्ना भई AFU Registration गर्ने समयमा Migration Certificate को सक्कलै प्रति अनिवार्य रुपमा बुझाउनुपर्नेछ।

१७) भर्ना सम्वन्धी सम्पूर्ण अधिकार भर्ना समितिमा निहित हुनेछ।

१८) **Fee Structure** यस प्रकार हुनेछ।

| **Competitive Subsidized Student Fee (NRs.)** | |
|---|---|
| Admission Fee: | 22,000/ (One-time Payment) |
| Semester Fee: | 10,450/ (Per Semester) |
| Tuition Fee: | 2,200/credit hr.(45credit) |
| Total Fee with minimum required credit hours: | NRs.162,800/ |
| **Competitive Full Pay Student Fee (NRs.)** | |
| Admission Fee: | 44,000/ (One-time Payment) |
| Semester Fee: | 20,900/ (Per Semester) |
| Tuition Fee: | 4,400/credit hr.(45credit) |
| Total Fee with minimum required credit hours: | NRs. 3,25,600/ |



CamScanner

कृषि तथा वन विज्ञान विश्वविद्यालय

# कृषि संकाय

डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

Agriculture and Forestry University

# Faculty of Agriculture

Office of the Dean

Rampur, Chitwan, Nepal

प.सं./Ref. No.

च.नं.

मिति/Date. २०८२/१०/१२

- अन्य विश्वविद्यालयवाट स्नातक तह उत्तीर्ण गरेका र AFU वाट उत्तीर्ण भई Migration Certificate निकालिसकेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालय दर्ता शुल्क वापत थप रु.७५०। तिर्नुपर्नेछ।
- माथि उल्लेखित शुल्कमा सेमेष्टर परीक्षाको शुल्क समावेश गरिएको छैन।
- M.Sc.Ag. /M.Sc. Ag. (Biotechnology) को कुनै पनि विषयमा ६ जनासम्म विद्यार्थी भर्ना हुने भएमा १ जना र ६ जना भन्दा वढी विद्यार्थी भर्ना हुने भएमा २ जनालाई Subsidized Fee मा भर्ना गरिनेछ।
- प्रवेश परीक्षामा सर्वोत्कृष्ट अंक ल्याई योग्यता क्रममा प्रथम हुने विद्यार्थीलाई **Competitive Subsidized Student Fee** को **Admission Fee (One-time Payment)** मात्र छुट हुनेछ।
- अन्य विश्वविद्यालय वा शिक्षण संस्थावाट कृषि विज्ञान अर्न्तगत Specialized विषयमा स्नातक तह उत्तीर्ण गरेका विद्यार्थीहरुले सम्वन्धित विषयमा मात्र भर्ना हुन पाउनेछन्।

..............................

प्रा.डा.अर्जुन कुमार श्रेष्ठ

डीन

डीन

टेलिफोन : +९७७-५६-५९११४१, ५२०६०२/फ्याक्सः +९७७-५६-५२०६०२, ५९१०२१
Tel.: +977-56-591141, 520602 / Fax : +977-56-520602, 591021

www.afu.edu.np

CamScanner